# प्रह/प्रज अपराध अनुसन्धान तथा नियन्त्रण तालीम

१. **परिचय**,

अपराध नियन्त्रण तथा अनुसन्धान प्रहरीको प्रमुख दायित्व हो । अपराध नियन्त्रण गर्न जति गाह्रो छ, त्यो भन्दा बढी चुनौती घटीत अपराधको अनुसन्धान गर्न हुने गर्दछ । बिश्वमा बढ्दो बैज्ञानिक तथा संचार साधनको बिकास र सहज उपलव्धताले जति अनुसन्धान कार्यमा सघाउ पुगेको छ, त्यति नै यसको कुशलतापूर्वक प्रयोग गरी अपराधीहरुले अनुसन्धान कार्यलाई चुनौती दिई रहेका छन । यसरी एकातर्फ बिज्ञानको बिकासले अनुसन्धान कार्यलाई चुनौतीपूर्ण बनाउदै लगेको छ भने, अर्कोतर्फ व्यक्तिको मौलिक हक एवं मानव अधिकारको संरक्षण र सम्वर्धन गरी लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप सिमित श्रोत र साधनको बावजुद अपराध अनुसन्धान गर्नु प्रहरीको दायित्व पनि रहेको छ । अतः बिद्यमान चुनौती एवं अपराध नियन्त्रण तथा अनुसन्धान जस्तो गहन कार्यलाई सफल पार्ने क्रममा प्रहरी संगठनको मेरुदण्डको रुपमा रहेका प्र.ह. / प्र.ज. हरुले निर्वाह गर्नु पर्ने भूमिकालाई मध्यनजर राखी प्रशिक्षार्थीको ज्ञान र सिपमा अभिवृद्धि ल्याउनको लागि बिविध बिषयहरुलाई समावेश गरी यस तालीम संचालन गरिएको छ ।

२. **तालीमको उद्देश्य :**

नेपाल प्रहरीमा अपराध नियन्त्रण तथा अनुसन्धान बिषयमा सम्बद्ध प्र.ह / प्र.ज. हरुलाई वौद्धिक एवं शारीरिक रुपले दक्ष र योग्य बनाउनको लागि आवश्यक पर्ने ज्ञान, सिप, कला र कौशल प्रदान गरी अपराध अनुसन्धान एवं नियन्त्रणमा आत्मबिश्वास अभिवृद्धि गराउनु यस तालीमको प्रमुख उद्देश्य रहेको छ ।

३. **प्रशिक्षण विषयबस्तु एवं अंक बिभाजन**

उपरोक्त उद्धेश्य पूर्तिका निमित्त अपराध नियन्त्रण तथा अनुसन्धान सम्बन्धी अत्यावश्यक पर्ने बिषयवस्तु समावेश गरी तालीम कार्यक्रमलाई दुई भागमा बिभाजन गरिएको छ ।

**(क) आन्तरिक प्रशिक्षण** : प्रशिक्षार्थीहरुलाई कार्यक्षेत्रमा आवश्यक पर्ने सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिन निम्न बिषयहरुमा बढी जोड दिईनेछ ।

- अपराध अनुसन्धान
- सम्वद्ध ऐन नियमहरु
- गस्ति
- निग्रानी
- घट्नास्थल
- पकाउ
- खानतलासी
- बिविध मुचुल्का
- बैज्ञानिक साधन आदि ।

**आन्तरिक कक्षा बिभाजन** :

- सैद्धान्तिक............................१२८ कक्षा
- व्यबहारिक ..........................२१ कक्षा
- परीक्षा ............................. १० कक्षा

जम्मा १५९ कक्षा

**(ख) बाहय प्रशिक्षण** :

प्रशिक्षणमा प्रशिक्षार्थीहरुको शारीरिक तन्दुरुस्ती एवं सहनसिलतामा अभिवृद्धि ल्याउनको निमित्त निम्नानुसारको बाह्य बिषय एवं कक्षा समावेश गरिएका छन ।

- शारीरिक व्यायाम ..................२६ कक्षा
- कवाज ............................. २६ कक्षा
- खाली हात लडाई ................ २६ कक्षा
- खेलकूद............................. २३ कक्षा

जम्मा १०१ कक्षा

४. **प्रशिक्षार्थीहरु** :

अपराध अनुसन्धान क्षेत्रमा कार्यरत वा कार्य गर्न ईच्छुक साथै एस.एल.सी.उत्तीर्ण प्र.ह./प्र.ज.हरुलाई यस तालीममा समावेश गराईनेछ ।

५. **प्रशिक्षण अवधि** :

यस तालीम २६ कार्य दिनको हुनेछ । प्रत्येक दिनमा १० कक्षाको दरले कूल कार्य कक्षा २६० संचालन हुनेछ । ( शुक्रवार वाह्य र आन्तरिक गरी जम्मा ६ कक्षा संचालन हुनेछ ) ।

६. **प्रशिक्षण बिधि** :

(क) प्रवचन
(ख) समूहगत छलफल
(ग) श्रव्य दृश्य प्रदर्शन
(घ) फिल्ड भिजिट
(ङ) व्यवहारिक अभ्यास

७. **मूल्याङ्कन** :

उपरोक्त उद्धेश्य परिपूर्तीका निमित्त अपराध अनुसन्धान तथा नियन्त्रण सम्बन्धी प्रहरी जवानको लागि अत्यावश्यक पर्ने बिषय वस्तु समावेश गरी तालीम कार्यक्रम एवं अंकलाई दुई भागमा बिभाजन गरिएको छ ।

(क) आन्तरिक प्रशिक्षण तर्फ ..........१०० पूर्णाङ्क
(ख) वाह्य प्रशिक्षण तर्फ ...............१०० पूर्णाङ्क

तालीमको अन्तमा वाह्य तथा आन्तरिक तर्फको अन्तिम परीक्षा लिईनेछ । प्रत्येक बिषयमा उतिर्णाङ्क ४५ प्रतिशत हुनेछ तर कुल उतिर्णाङ्क ५० प्रतिशत मानिनेछ ।

| **श्रेणी** | **प्राप्त प्रतिशत** |
|---|---|
| १. क श्रेणी : | ७५% भन्दा माथी |
| २. ख श्रेणी : | ६०% देखि ७४.९ % सम्म |
| ३. ग श्रेणी : | ५०% देखि ५९.९ % सम्म |

*५० % भन्दा तल अंक प्राप्त गर्ने प्रशिक्षार्थीलाई अनुत्तिर्ण मानिनेछ ।*

८. **पोशाकः**

प्रशिक्षण अवधिमा प्रशिक्षार्थीहरुले बिभिन्न अवस्थामा निम्न पोशाक प्रयोग गर्नु पर्नेछ ।

(क) शारिरीक व्यायाम : चुस्ता, छालाको जुत्ता निलो मोजा

(ख) कवाज : चुस्ता, छालाको जुत्ता, निलो माजा, फटिक क्याप ।

(ग) खेलकुद : पि.टी. जुत्ता, सेतो एरि भेष्ट निलो कट्टु, निलो मोजा ।

(घ) निरीक्षण कवाज : वर्किङ ड्रेस
(ङ) आन्तरिक कक्षा : वर्किङ ड्रेस
(च) रोलकल ड्रेस : सर्ट, पाईन्ट, टोपी जुत्ता र मोजा
(छ) मेस ड्रेस :
- ☞ बिहान : गेम ड्रेसमा
- ☞ वेलुका : गेम ड्रेसमा

(ज) आउट ड्रेस :सर्ट, पाईन्ट, टोपी, जुत्ता र मोजा